# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

## मितिः २७ जून २०२५

### समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

१. आज देशभरि भगवान जगन्नाथको रथयात्रा निकालियो| यस अवसरमा राष्ट्रपति अनि प्रधानमन्त्रीद्वारा देशवासीलाई शुभकामना दिनु भएको छ|

२. बंगालको समुीद्र तटीय शहर दिघामा आज रथयात्राको भव्य आयोजन गरियो। मुख्यमन्त्री ममता ब्यानर्जीले रथयात्राको शुरूआत गर्नु हुँदै भगवान जगन्नाथ, बलभद्र र सुभद्रको आरती गर्नु भयो।

३. दक्षिण कोलकाताको कसबा क्षेत्रस्थित एउटा ल कलेजमा एकजना छात्रासित सामूहिक बलात्कार भएको मामिला सामु आएको छ। पुलिसले तीनजना आरोपीहरूलाई पक्राउ गरेको छ|

४. ल कलेजको घटनामाथि राष्ट्रीय महिला आयोगले गहिरो चिन्ता व्यक्त गर्दै पुलिसलाई तीन दिनभित्र विस्तृत रिपोर्ट पेश गर्न भनेको छ।

५. लोवर लामागाउँ निवासी भारतीय सेनामा कार्यरत अग्निवीर प्रयास गुरुङको सैन्य वाहन दुर्घटनामा परी निधन भएको छ।

**भगवान जगन्नाथको रथयात्रा**

ओडिशाको पुरीमा आजदेखि भगवान जगन्नाथको विश्व प्रसिद्ध वार्षिक रथयात्रा सुरु भयो। देश तथा विदेशबाट लाखौं भक्तजन रथयात्रामा सामेल भए। आज बिहान भगवान जगन्नाथ, भगवान बलभद्र र देवी सुभद्राको रथयात्रा भक्ति र उत्साहका साथ निकालिएको थियो। रथयात्रामा, देवताहरूको मूर्तिहरूलाई जगन्नाथ मन्दिरको गर्भगृहबाट पुजारीहरूले भव्य रथमा लगेका थिए।राष्ट्रपति द्रौपदी मुर्मुले जगन्नाथ पुरी रथयात्राको अवसरमा शुभकामना व्यक्त गर्नु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै उहाँले यी दिव्य रूपहरूको मानवीय दिव्य लीला यस यात्राको विशेषता रहेको बताउनु भएको छ। यस शुभ अवसरमा राष्ट्रपतिले विश्वभर शान्ति, मैत्री र सद्भावको लागि भगवान जगन्नाथलाई प्रार्थना गर्नु भयो।प्रधानमन्त्री नरेन्द्र मोदीले पनि भगवान जगन्नाथको रथयात्राको अवसरमा सबै नागरिकहरूलाई शुभकामना दिनु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री मोदीले आस्था र भक्तिको यो पवित्र पर्वले सबैमा खुशी, शान्ति, समृद्धि, सौभाग्य र सुस्वास्थ्य ल्याउने आशा व्यक्त गर्नु भएको छ।

**दिघा – रथयात्रा - मुख्यमन्त्री**

बंगालको समुीद्र तटीय शहर दिघामा आज रथयात्राको भव्य आयोजन गरियो। मुख्यमन्त्री ममता ब्यानर्जी स्वयंले सुनको झाडुले बाटो सफा गरेर रथयात्राको शुरूआत गर्नु भयो अनि भगवान जगन्नाथ, बलभद्र र सुभद्रको आरती गर्नु भयो। यस अवसरमा रथको साथमा इस्कनका केही सन्यासी अनि ठूलो संख्यामा श्रद्धालुहरू उपस्थित रहे। बिहान आठ बजीदेखि नै मन्दिर परिसरलाई कड़ा सुरक्षा व्यवस्थाभित्र राखिएको थियो। जगन्नाथ मन्दिर सामु तीनैवटा रथहरूलाई सजाइएको थियो। मन्दिर परिसरमा ठूलो संख्यामा बुलिस बललाई तैनाथ गरिएको थियो। मौसम खराब भए पनि श्रद्धालुहरूको घुइँचो लगातार बढ़्दै गयो। बिहान लगभग नौ बजी 'पाहण्डी विजय'- को पारम्परिक विधि अन्तर्गत भगवान जगन्नाथ, बलभद्र र सुभद्राका मूर्तिहरूलाई मन्दिरदेखि बाहिर ल्याएर रथहरूमा विराजमान गराइयो। यस अवधि मन्त्रोच्चारण, शंख-घण्टीको ध्वनि अनि ढोल-करातलको धुनले वातावरणलाई भक्तिमय बनाइदियो।

मन्दिरको द्वार आम मानिसहरूको लागि खोलियो अनि उनीहरूलाई मन्दिर परिसरमा प्रवेश गर्ने अनुमति दिइयो। यहाँ भक्तहरूलाई भगवानको दर्शनसँगसँगै प्रसाद वितरणको व्यवस्था पनि गरिएकोथियो। मन्दिरको द्वार नम्बर-2 लाई आम श्रद्धालुहरूको लागि प्रवेश द्वार बनाइयो। मुख्यमन्त्री ममता ब्यानर्जी रथसँगसँगै पैदल हिंड़नु भयो। उहाँले पहिला नै घोषणा गर्नु भएको थियो, कुनै पनि भाग-दौड़को आशंकालाई टार्नको लागि रथ यात्रा अवधि सड़कमा आम मानिसहरूलाई बस्न दिइने छैन। यसको लागि सड़कको दुवैतर्फ ब्यारिकेड गरियो ताकि मानिसहरूले ब्यारिकेडको बाहिरबाट रथलाई देख्न सकुन्। रथको डोरीलाई पनि ब्यारिकेडसम्म तानियो ताकि श्रद्धालुहरूले त्यसलाई छोएर पुण्य प्राप्त गर्न सकुन्। अपरान्ह 2:00 बजी रथको पूजा र आरती भयो भने 2:30 बजी यात्रा शुरू भयो। लगभग एक किलोमीटरको दूरत्व तय गरेर रथलाई 'मछयामाको घर'-सम्म लगिएको थियो। सड़कको दुवै किनारमा ठूलो संख्यामा मानिसहरूले उभिएर रथयात्राको दर्शन गरेको देखियो|यसरी नै सिलिगुडी इस्कोन मन्दिरको आयोजनामा भव्य रूपमा जगनाथ रथ यात्रा निकालियो। रथ यात्रामा सिलगुडीका मेयर गौतम देव लगायत अन्य विशिष्ठ व्यक्तित्वहरु साथै जन मानसको व्यापक रूपमा उपस्थिति रहेको थियो। दार्जीलिङमा पनि भगवान जगनाथ रथ यात्रा बडो धुमधामका साथ निकालियो। बड़ी ठाकुरबाड़ी, मन्दिर दार्जीलिङबाट निकालिएको शोभायात्राले दार्जीलिङ बजार परिक्रमा गर्दै महांकाल मन्दिर सम्म पुगेर पूजा अर्चना गरिएको थियो। कालेबुङमा पनि भव्य रूपमा जगदीश मन्दिर ठाकुर बाढी बाट जगनाथ रथ यात्रा निकालियो।

**जगनाथ रथयात्रा - खरसाङ**

खरसाङको नयाँ बजारस्थित जगदीश मन्दिरबाट भगवान् जगनाथको रथयात्रा निकालिएको छ। जगनाथ रथयात्रा एंव नगर परिक्रमा अखण्ड हरि संकीर्तन समिति खरसाङको आयोजनामा उक्त जगनाथ रथयात्रा निकालिएको छ। सय वर्षभन्दा पुरानो खरसाङको नयाँ बजारस्थित जगदीश मन्दिर परिसरबाट निकालिएको उक्त जगनाथ रथयात्रा मोटर स्ट्याण्ड हुँदै हिल कार्ट रोड भएर टुरिस्ट लज नजिकसम्म पुगेर फर्केको छ भने वर्ध्दमान रोड हुँदै पुनः मोटर स्ट्याण्ड हुँदै जगदीश मन्दिरसम्म पुगेर समापन गरिएको जानकारी प्राप्त भएको छ। यस अवसरमा नेपालको महिला टोलीद्वारा नौमति बाजासहित कीर्तन र आमवाडी हरिकीर्तन टोलीद्वारा हरिनाम संकीर्तन प्रस्तुत गरिएको छ। भगवान् जगनाथ रथयात्रा असार शुक्ल द्वितीयमा आयोजना गरिन्छ। यस अवसरमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा, सभासद श्याम शेर्पा र प्रणाम रसाइली लगायत श्री जगदीश मन्दिरको पुरोहित आनन्द पारिख साथै खरसाङ क्षेत्रका विभिन्न संघ संस्थाहरुका प्रतिनिधिहरु उपस्थित रहेका थिए। खरसाङमा रहेको एक मात्र जगदीश मन्दिरको आयोजनामा विगत सय वर्षभन्दा अघिदेखि आयोजना गर्दै आईरहेका छन्। यसपाली पनि भगवान् जगनाथको रथयात्रा खरसाङमा भव्य रुपमा आयोजना गरिएको छ। खरसाङमा

आयोजित भगवान् जगनाथको रथयात्रा विषयमा पत्रकारहरुसित कुराकानी गर्दै आचार्य केशव शर्मा र अखण्ड हरि संकीर्तन समिति खरसाङको सभापति राजेन्द्र प्रसाद अग्रवालले विस्तृत रुपमा जानकारी गराएका छन्।

**छात्रासित सामूहिक बलात्कारको मामिला**

दक्षिण कोलकाताको कसबा क्षेत्रस्थित एउटा ल कलेजमा एकजना छात्रासित सामूहिक बलात्कार भएको मामिला सामु आएको छ। पुलिसले सिकायतको आधारमा तीनजना आरोपीहरूलाई पक्राउ गरेको छ जसमध्ये एकजना कलेजका पूर्व छात्र अनि वर्तमानमा पेशाले वकिल पनि सामेल रहेको बताइएको छ। पुलिस सूत्र अनुसार यो घटना गत बुधवार साँझ लगभग 7:30 बजेदेखि राती 10:50 बजेबीच कलेज परिसरभित्र भएको हो। पीड़िताले घटना घटेको तुरून्तैपछि कसबा थानामा एफआईआर दर्ता गराइन्। आरोप छ, यी तीनजना युवकहरूले कलेज परिसरमै छात्रासित दुष्कर्म गरे।
सिकायत गरेपछि कसबा थाना पुलिसले बिहीवार राती सिद्धार्थ शंकर राय शिशु उद्यान नजिकबाट मनोजित मिश्रा (31) र जायब अहमद (19)-नामक दुईजना युवकहरूलाई हिरासतमा लिएर जाँचबुझ गर्‍यो। राती नै तेस्रो आरोपी प्रमित मुखर्जी (20)-लाई पनि खोजेर पक्राउ गर्‍यो। मनोजित मिश्रालाई यस घटनाको मुख्य आरोपी मानिँदैछ जो उक्त कलेजका पूर्व छात्र अनि वर्तमानमा वकालत गरिरहेका छन्। पुलिसले तीनैजनाको मोबाइल फोन जफ्त गरेको छ। साथै पीड़िताको चिकित्सकीय परीक्षण कोलकाताको नेशनल मेडिकल कलेज एवं अस्पतालमा गराइँदैछ। फोरेन्सिक टीमले घटनास्थलो निरीक्षण गरिसकेको छ भने कलेजको सीसीटीभी फुटेजको पनि जाँच गरिँदैछ। पुलिसले आज तीनै आरोपीहरूलाई अलिपुर न्यायलयमा पेश गर्‍यो जहाँ न्यायलयले उनीहरूलाई चार दिनको पुलिस हिरासतमा पठाउने आदेश दियो। पुलिसले अब यस मामिलामा अग्रिम जाँच गरिरहेको छ।

**शुभेन्दु अधिकारी - सामूहिक दुष्कर्म**

कोलकाताको कासबा ल कलेज क्याम्पसभित्र एकजना युवतीसित भएको बर्बर सामूहिक दुष्कर्मको घटनाबाट म स्तब्ध भएको छु।' यो मन्तव्य आज पश्चिम बंगाल विधानसभामा नेता प्रतिपक्ष शुभेन्दु अधिकारीले व्यक्त गर्नु भएको छ।उहाँले सोशल मीडिया एक्समा लेख्नु भएको छ, “यस जघन्य अपराधमा सामेल तीनजना आरोपीहरूमध्ये एकजना मुख्य आरोपीको पहिचान तृणमूल छात्र परिषदका प्रभावशाली नेता मनोजीत मिश्रा (31)-को रूपमा भएको छ। पुलिसले उसलाई गए बिहीवार साँझ तालबागान क्रसिंग नजिक सिद्धार्थ शंकर राय चिल्ड्रन पार्क सामुबाट पक्राउ गरेको छ। यस अतिरिक्त थप दुईजना आरोपीहरू क्रमैले जाइब अहमद (19)र प्रमित मुखर्जी (20)-लाई पनि पक्राउ गरेको छ।”श्री शुभेन्दु अधिकारीले अझ् भन्नु भएको छ, यो घटना एउटा आपराधिक कृत्य मात्र होइन जबकि यो तृणमूल कंग्रेसको छात्र संगठनका नेताहरूद्वारा शिक्षण संस्थानहरूलाई दूषित बनाउने ज्वलन्त प्रमाण हो। कलेज क्याम्पस जस्तो पवित्र स्थान जहाँ विद्यार्थीहरू शिक्षा ग्रहण गर्न आउँछन्,- यस्तो बर्बरता हाम्रो समाजको लागि लज्जास्पद छ। उहाँले आरोप लगाउनु भएको छ, तृणमूलका छात्र नेताहरूले बारम्बार आफ्नो राजनीतिक प्रभावको दुरूपयोग गरेर शैक्षणिक संस्थानहरूमा भय अनि अराजकता फैलाइरहेका छन्।

**राष्ट्रीय महिला आयोग - दुष्कर्मको घटना**

राष्ट्रीय महिला आयोगले पश्चिम बंगालमा दक्षिण कोलकातास्थित ल कलेजको प्रांगणमा एक छात्रासितको कथित दुष्कर्मको घटनामा स्वत: संज्ञान लिइएको छ। आयोगले कोलकाता पुलिस आयुक्तलाई पत्र लेखेर यस घटना प्रति गहिरो चिन्ता व्यक्त गर्दै तीन दिन भित्रमा उचित कार्रवाई गर्दै विस्तृत रिपोर्ट पेश गर्न भनेको छ।

**भारती सेना प्रयास गुरुङको निधन**

भारतीय सेनामा कार्यरत अग्निवीर दार्जिलिङ पुलबजार खण्ड अधिनस्त रेलिङ ग्राम पन्चायतको लोवर लामागाउँ निवासी तथा हाल बिजनबारी बजारमा बस्दै आएका अनिल गुरुङका २० वर्षिय कान्छो छोरा प्रयास गुरुङको हिजो साझ एक सैन्य वाहन दुर्घटनामा परी दुर्भाग्यपूर्ण निधन भएको छ। देशसेवामा समर्पित रहँदै कार्य गरिरहेका श्री गुरुङको हिजो बागडोग्रा नजिकै जगलीबाबा रोडमा एक छाउनीबाट अर्को छाउनीमा जाने क्रममा डिउटीको समयमा वाहन दुर्घटनामा परि दु:खद निधन भएको परिवार पक्षले जनाएको छ भने उनको पार्थिव शरीर आज बेलुकीसम्म सिलिगुडीस्थित बेङडुवी सैनिक छावनी हुँदै उनको निवास आइपुग्ने परिवार सुत्रले जनाएको छ। यसका साथै उनको अन्तिम सस्कार भोलि सैनिक सम्मानको साथमा गरिने समेत परिवार पक्षले जनाएको छ।

****** ० ******